गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०७९।०२।२१ गते बसेको ८५ औं नगर कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १** स्थानीय तह निर्वाचन, २०७४ बाट निर्वाचित गैंडाकोट नगरपालिकाका पूर्व जनप्रतिनिधिहरुलाई स्थानीय सरकारको प्रथम कार्यकाल सफलतापूर्वक पुरा गरेकोमा उहाँहरुको सेवा र योगदानको उच्च कदर गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्ने र नगरपालिकाको तर्फबाट उपयुक्त समयमा औपचारिक कार्यक्रम गरी विदाई गर्ने साथै स्थानीय तह निर्वाचन, २०७९ मा यस गैंडाकोट नगरपालिकाको निर्वाचन सम्पन्न गर्न आ–आफ्नो क्षेत्रवाट योगदान पु-याउने मतदाता, निर्वाचन आयोग, निर्वाचन अधिकृत तथा कर्मचारी, राजनैतिक दल, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संघसंस्था, निर्वाचन पर्यवेक्षक, नागरिक समाज, प्रत्रकार एवं संचारकर्मी तथा सम्वन्धित सवैलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. २** यस कार्यपालिका बैठक बाट देहाय बमोजिमका नियमावली तथा कार्यविधिहरुलाई स्वीकृत गर्ने निर्णय गरियो।

(क) गैंडाकोट नगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७९
(ख) गैंडाकोट नगरपालिकाको विषयगत समिति (कार्यसंचालन) कार्यविधि, २०७९
(ग) गैंडाकोट नगरपालिकाको विपद् राहत तथा उद्दार कार्यविधि, २०७९

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७९ मा तोकिए अनुसार विषयगत समितिहरु देहाय बमोजिम गठन गर्ने निर्णय गरियो।

**क. सामाजिक विकास समिति**

| | |
|---|---|
| श्री रत्न प्रसाद सापकोटा | संयोजक |
| श्री मधुकर मल्ल | सदस्य |
| श्री ईश्वरी जि. सी. | सदस्य |

**ख. पूर्वाधार विकास समिति**

| | |
|---|---|
| श्री प्रेम सापकोटा | संयोजक |
| श्री घामनाथ सापकोटा | सदस्य |
| श्री बिनोद कुमार मल्ल | सदस्य |

**ग. आर्थिक विकास समिति**

| | |
|---|---|
| श्री तेज प्रसाद घिमिरे | संयोजक |
| श्री प्रेम तिमिल्सिना | सदस्य |
| श्री सुभाष चापागाई | सदस्य |

**घ. वन वातावरण तथा विपद् व्यवस्थापन समिति**

| | |
|---|---|
| श्री प्रकाश सापकोटा | संयोजक |
| श्री शान्ति घर्ति | सदस्य |
| श्री उर्मिला वि.क. | सदस्य |

**ङ. सुशासन तथा संस्थागत विकास समिति**

| | |
|---|---|
| श्री गोपीलाल कंडेल | संयोजक |
| श्री तिल बहादुर चितौरे | सदस्य |
| श्री सरिता दर्जी | सदस्य |

...राम रिजाल
...कीय अधिकृत

...कोइराला

मदन भक्त अधिकारी
नगर प्रमुख

कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं.** ४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गैंडाकोट नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिमा सदस्यको रुपमा कार्यपालिका सदस्य मध्येबाट **श्री शुरेन्द्र रेग्मी** र **श्री कमला आचार्य** लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.** ५ सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुलाई पर्ने समस्याहरु समाधान गर्न "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" मा नगर कार्यपालिकाका सदस्य हरु मध्येबाट **श्री देवीदत्त कंडेल** र **श्री शान्ति न्यौपाने** लाई सदस्यको को रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं.** ६ यस गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आ.व. २०७७/०७८ को नदिजन्य पदार्थ विक्रि वितरणको लागि मिति २०७८/०१/२० मा गैंडाकोट वडा नं. ७ स्थित मुरलीटार क्षेत्रमा ७५,०००.०० घ.मि. परिमाणको नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि वितरणको लागि ठेक्का नं.०३/०७७/०७८ मा श्री हिरोज कन्स्ट्रक्सन,भरतपुर-१२ चितवन संग र गैंडाकोट नगरपालिका वडा ९ स्थित जैनटार क्षेत्रमा ७५,०००.०० घ.मि. परिमाणको नदिजन्य पदार्थ उत्खनन तथा विक्रि वितरणको लागि ठेक्का न. ०४/०७७/०७८ बाट श्री ब्रिटिस मेम्बर निर्माण सेवा एण्ड सप्लायर्स सँग सम्झौता गरिएकोमा विविध कारणबाट तोकिएको अवधिसम्म सम्बन्धित ठेकेदारले काम गर्न नपाएको हुँदा तोकिएको परिमाणमा उत्खनन् हुन नसकेको भनी नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट मिति २०७८।०२।५ मा प्राप्त प्रतिवेदन अनुसार ठेक्का नं.०३/०७७/०७८ को ७५,००० घ.मि. मध्ये अपुग भएको १९६९५ घ.मि.र ठेक्का न. ०४/०७७/०७८ को ७५,००० घ.मि. मध्ये अपुग भएको ४६०९.५९ घ.मि.उत्खनन तथा विक्रि वितरणको लागि नगर कार्यपालिकाको मिति २०७८/०३/०८ को ७९ औ बैठकबाट २०७८ फागुन मसान्त सम्मको म्याद थप भएकोमा उल्लेखित अवधिसम्म पनि कार्यालयको तर्फबाट कार्यादेश दिन नसक्दा बाँकी परिमाण उत्खनन् हुन नसकेकोमा हाल उत्खननको लागि समय अभाव भएको र नदिको बहाव समेत बढेको कारणबाट उत्खनन गर्न प्राविधिक दृष्टीकोणबाट समेत प्रकृति मैत्री नदेखिएकोले बाँकी परिमाणको नदिजन्य पदार्थको लागि बैंक ग्यारेन्टी लिई पछि उपयुक्त समयमा सम्झौता बमोजिमको दररेटमा उपलब्ध गराउने र सम्बन्धित ठेकेदारहरुबाट हालसम्म उत्खनन भएको परिमाणको बाँकी राजस्व २०७९।०३।१० सम्म नगरपालिकाको कोषमा दाखिला गर्न पत्राचार गर्ने उल्लेखित अवधि भित्र दाखिला नगरेमा बैंक जमानतबाट असुल उपर गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ७ गैंडाकोट नगरपालिका अन्तर्गत वडा नं. ३ मा सञ्चालनमा रहेको ठेक्का नं. 03/GM/NCB/2077-78 गडाम्दी खानेपानी आयोजना निर्माणको खरिद सम्झौताको म्याद यस नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ को उपनियम ३ बमोजिम मिति २०७९ असार १० गतेसम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.** ८ सडक बोर्ड नेपालबाट बजेट व्यवस्था हुने गरी कार्यान्वयन अगाडी बढाईएको **"सडक स्तरोन्नति वडा नं. २, ५ र ११"** (ठेक्का नं. 06/GM/NCB/077-078) को ठेक्काको काम सम्झौता बमोजिम अगाडी बढेको नदेखिएकोले सम्बन्धित निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने भनी मिति २०७९/०१/०६ गतेको नगर कार्यपालिकाको बैठकबाट भएको निर्णयानुसार कार्यालयको तर्फबाट उक्त ठेक्का सम्झौता अत्य गरी निर्माण व्यवसायीलाई प्रचलित कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाईएकोले सो ठेक्का बमोजिमको काम नगरपालिकाको स्रोतबाट खर्च व्यहोर्ने गरी बहुवर्षिय आयोजनाको रुपमा बोलपत्र आव्हान गरी गराउने निर्णय गरियो ।

तुलसिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

निर्णय नं. ९ गैंडाकोट नगरपालिकाका विद्यालय व्यवस्थापन समितिको गठन सम्बन्धी शुन्यता रहेको अवस्थामा नगर शिक्षा समितिको २०७७/०१/२४ को निर्णय अनुसार विद्यालय व्यवस्थापन समिति गठन गरी सो समितिलाई प्रचलित कानून बमोजिम नयाँ विद्यालय व्यवस्थापन समिति गठन गर्नलाई निर्देशन दिएकोमा हालसम्म पनि कतिपय विद्यालयहरुमा निर्देशानुसार समिति गठन नभएको र विद्यालयको काम कारवाहीमा असहज परेको हुँदा शिक्षा समितिको २०७७/०१/२४ को निर्णयानुसारको विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको अत्यावश्यकीय कार्य गर्न र यथाशिघ्र प्रचलित कानून बमोजिमको विद्यालय व्यवस्थापन समिति गठन गरी कार्यभार हस्तान्तरण गर्न गराउन विद्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १० गैंडाकोट नगरपालिकाको विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि,२०७९ कार्यपालिकामा पेश भई सामान्य छलफल गरियो। उक्त कार्यविधिलाई कार्यपालिका सदस्यहरुको सुझाव समेतलाई समेटी परिमार्जन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ११ कालिगण्डकी कोरिडोर (गैंडाकोट राम्दी मालढुंगा) सडक खण्डको महेश्वर खोलामा निर्माणाधिन पुल मुनी तथा वरीपरी ढुङ्गा, बालुवा, ग्रावेल लगायतका वस्तु जम्मा भई पुलको संरचनामा क्षती पुग्न सक्ने देखिएकोले उक्त ढुङ्गा, बालुवा, ग्रावेल लगायतका वस्तु हटाउन नगरस्तरीय वपद् व्यवस्थापन समितिको मिति २०७८/०२/१२ को निर्णय तथा जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७८/०२/१९ को निर्णयबाट सिफारिस भई आएको र कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुंगा) सडक आयोजनाबाट नदी जन्य पदार्थ उपभोग गर्न माग भई आएकोले जिल्ला विपद् व्यवस्थापन समितिबाट भएको निर्णय बमोजिमको खण्ड र परिमाणको नदिजन्य पदार्थ प्रदेश सरकारले तोकेको राजस्व लिई उक्त आयोजनालाई उपयोग गर्न दिने निर्णय गरियो।

निर्णय नं. १२ मालपोत कार्यालय कावासोतीबाट आगामी आ.व. २०७९/०८० को मालपोत रजिष्ट्रेशन प्रयोजनका लागि गैंडाकोट नगरपालिका भित्रका जग्गाहरुको न्यूनतम् मूल्यांकन बढाउनु पर्ने/नपर्ने सन्दर्भमा सुझाव माग भइ आएकोमा गैंडाकोट नगरपालिका भित्रका जग्गाहरुको न्यूनतम् मूल्यांकन बढाउनु नगर्ने भनी मालपोत कार्यालयलाई सुझाव उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १३ प्रतिकूल मौसम तथा समयको सिमितताको कारणबाट तोकिएको परिमाण र गुणस्तरको कार्य सम्पादन गर्न समयाभाव हुने देखिएकोले नगरपालिकाबाट यस आर्थिक वर्षमा उपभोक्ता समितिमार्फत भौतिक निर्माण तर्फका विभिन्न योजनाहरु कार्यान्वयन गर्ने सन्दर्भमा विपद जन्य अवस्थामा बाहेक २०७९ जेठ मसान्त पश्चात नयाँ योजना संचालनको लागि नगरपालिकाको तर्फबाट योजना सम्झौता नगर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १४ गैंडाकोट नगरपालिका नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७९ को दफा १७ बमोजिमको कार्यसम्पादन गर्न नगर कार्यपालिका सदस्य **श्री शिवकान्त तिवारी** लाई नगर कार्यपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो।

निर्णय नं. १५ गैंडाकोट नगरपालिका क्षेत्र भित्र संचालन हुने योजनाहरुको अनुगमन गर्ने सन्दर्भमा सामान्यत: रु. १० लाख भन्दा कम लागत अनुमान भएका योजनाहरुको वडा स्तरीय अनुगमन समितिले अनुगमन गर्ने र नगर स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिले सामन्यत: रु. १० लाख वा सो भन्दा माथिको लागत अनुमान भएका

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैँडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैँडाकोट, नवलपरासी
गण्डकी प्रदेश, नेपाल
२०७३

योजनाहरुको र आवश्यकता र औचित्यको आधारमा जतिसुकै लागत अनुमान भएका योजनाहरुको अनुगमन गर्न सक्ने गरी कार्यक्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** गैंडाकोट नगरपालिकामा विपद जन्य र आकस्मिक कार्यका लागि भैपरी आउने आकस्मिक योजनाहरु शिर्षकमा रु. ५० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७** जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७९/०२/१९ को निर्णय नं. ४ अनुसार अन्तर स्थानीय तह सहकार्य र समन्वय गरी दमकल व्यवस्थापन गर्ने सन्दर्भमा कार्यपालिकामा छलफल भई यस सन्दर्भमा आवश्यक समन्वय, सहकार्य र लागत साझेदारी लगायतका विषयमा जिल्ला विपद् व्यवस्थापन समितिमा छलफल गरी उपयुक्त प्रणालीको सिफारिस गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

२०७९/०२/२९

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

नदिन भक्त अधिकारी
नगर प्रमुख